अनुसूची–२

(दफा ४ तथा अनुसूची–१ को भाग–१ सँग सम्बन्धित)

# अग्नीसाईर कृष्णासवरन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड–८ | संख्या–१ | मितिः २०८२/०१/२०

भाग–१

अग्नीसाईर कृष्णासवरन गाउँपालिका

# स्थानीय सेवा कर्मचारी तह मिलान/स्तर बृद्धि/तह बृद्धि सम्बन्धी कार्यविधि, २०८२

आज्ञाले,

अरबिन्द कुमार चौधरी

प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय सेवा कर्मचारी तह मिलान/स्तर बृद्धि/तह बृद्धि सम्बन्धी कार्यविधि, २०८२

**अग्रीसाईर कृष्णासवरन गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**सीतापुर, सप्तरी**

**मधेश प्रदेश, नेपाल**

# स्थानीय सेवा कर्मचारी तह मिलान/स्तर बृद्धि/तह बृद्धि सम्बन्धी कार्यविधि, २०८२

**कार्यपालिका स्विकृत मितिः २०८२/०१/२०**
**प्रमाणिकरण मितिः २०८१/०१/२०**

**प्रस्तावनाः** मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" मा रहेको तह मिलान / स्तर बृद्धि/तह बृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी अग्नीसाईर कृष्णासवरन गाउँपालिका गाउँ कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "स्थानीय सेवा कर्मचारी तह मिलान/स्तर बृद्धि/तह बृद्धि सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।
(२) प्रारम्भः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**क. "ऐन"** भन्नाले मधेश प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८२ सम्झनु पर्छ।

**ख. "कर्मचारी"** भन्नाले स्थानीय सेवाको पदमा वहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ ।

**ग. "कार्यपालिका"** भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

**घ. "कार्यविधि"** स्थानीय सेवा कर्मचारी तह मिलान / स्तर बृद्धि / तह बृद्धि सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ।

**ङ. "कार्यालय/गाउँपालिका"** भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकालाई सम्झनु पर्दछ।

**च. "तह बृद्धि/स्तर बृद्धि"** भन्नाले ऐनको दफा ४ को उपदफा ६ र ऐन को दफा २९ बमोजिम गरिने तह बृद्धि/स्तर बृद्धिलाई सम्झनु पर्दछ ।

**छ.** "**तह मिलान**" भन्नाले ऐनको दफा ८ को उपदफा २२ बमोजिम गरिने तह मिलानलाई सम्झनु पर्दछ ।

**ज. "प्रदेश"** भन्नाले मधेश प्रदेश सम्झनु पर्छ।

**झ. "प्रदेश लोक सेवा आयोग"** भन्नाले मधेश प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

**ञ. "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ट. **"सिफारिस समिति"** भन्नाले यो कार्यविधिको नियम ५ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

३. **सूचना प्रकाशन गर्ने:** ऐनको दफा २९ को (४) बमोजिम तह बृद्धि/स्तर बृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको पौष र असार महिनामा तह बृद्धि स्तर बृद्धिका लागि सबै योग्यता पूरा गरेको मिति बाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह बृद्धि/स्तर बृद्धिको निर्णय गर्नु पर्नेछ। सो प्रयोजनको लागि कम्तिमा एक महिना अगावै कार्यालयको वेभसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

४. **तह र पदनामः** ऐनको दफा ४ बमोजिमको तह र पदनाम रहनेछ।

५. **सिफारिस समितिः** (१) ऐनको दफा २९ को उपदफा ५ बमोजिम यस गाउँपालिकामा कार्यरत कर्मचारीको तह बृद्धि/स्तर बृद्धि सम्बन्धमा सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको वरिष्ट अधिकृत कर्मचारी - संयोजक

(ख) अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **समितिको काम कर्तव्य र अधिकारः** सिफारिस समितिको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछः

(क)तह बृद्धि स्तर बृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने।

(ख)आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने।

(ग) पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने।

(घ) तह बृद्धि स्तर बृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह बृद्धि/स्तर बृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने।

७. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** यस कार्यविधि बमोजिम तह बृद्धि स्तर बृद्धि हुन दरखास्त दिने कर्मचारीले आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि मधेश प्रदेशद्वारा जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) एन, २०८१ को दफा २९ बमोजिम पुरा गरेको हुनु पर्नेछ।

८. **सिफारिसः** (१) दरखास्त दिने अन्तिम मितिको १५ (पन्ध्र) दिन भित्रमा सिफारिस समितिले अनुसूची-१ बमोजिम प्राप्त निवेदन साथ आवश्यक कागजातहरुको जाँच गरी कार्यालयलाई तह बृद्धि/स्तर बृद्धिको लागि सिफारिस गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह बृद्धि स्तर बृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम तह बृद्धि/स्तर बृद्धि भएका कर्मचारीलाई अनुसूची-२ बमोजिमको ढाँचामा तह बृद्धि/स्तर बृद्धिको पत्र दिइनेछ।

९. **तह बृद्धि/स्तर बृद्धि गर्न नहुने**ः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नियम ५ को उपनियम (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह बृद्धि/स्तर बृद्धिको लागि सिफारिस गर्ने छैनः

(क) निलम्बन भएकोमा निलम्बन फुकुवा नभएको अवधिभर।

(ख) तह बृद्धि/स्तर बृद्धि वा बढुवा रोक्का भएकोमा तह बृद्धि स्तर बृद्धि वा बढुवा रोक्का भएको अवधिभर ।

(ग) तलब बृद्धि रोक्का भएकोमा तलब बृद्धि रोक्का भएको अवधिभर ।

(घ) असाधारण वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर।

(ङ) अन्यत्रै कार्यालयमा पदाधिकार रहेको कर्मचारीको हकमा ।

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

१०. **तह बृद्धि/स्तर बृद्धि सम्बन्धी विशेष व्यवस्थाः** (१) ऐनको दफा ४ को उपदफा (६) बमोजिम कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविक स्थानीय निकायको सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृत स्तर छैठौ, सातौ, आठौ तहको कर्मचारीहरु स्थानीय तहको समान पदमा समायोजन भई स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ जारी हुदाँका बखत सम्म पाँच बर्ष वा सो भन्दा बढी सेवा अवधी पुरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनु भन्दा पहिलेको सम्बन्धित पद देखि नै ज्येष्ठता कायम हुने गरी अख्तियारवालाले प्रदेश लोकसेवा आयोग, मधेश प्रदेशसँग परामर्श लिई एक तह स्तरबृद्धि गरिदिने छ ।

(२) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः मधेश प्रदेश बाहिर कामकाजमा खटिएका तर मधेश प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह बृद्धि/स्तर बृद्धि हुने एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह बृद्धि स्तर बृद्धि गरिनेछ ।

११. **तह मिलानः** ऐनको दफा ८ को उपदफा २२ बमोजिम स्थानीय तहमा लोकसेवा आयोगबाट २०७६ सालमा सिफारिस भई यस गाउँपालिकामा नियुक्ति भई पदाधिकार रहेको अधिकृत छैटौ तहका कर्मचारीहरुलाई नियुक्ति मिति देखि लागु हुने गरी अख्तियारवालाले प्रदेश लोकसेवा आयोग, मधेश प्रदेशसँग परामर्श लिई सातौ तहमा तह मिलान गरिदिनेछ ।

१२. **जेष्ठता कायमः** (१) ऐनको दफा २८ को उपदफा (१) मा स्थानीय तहमा समायोजन भएका कर्मचारीको यस ऐन बमोजिम तह बृद्धि र बढुवा प्रयोजनको लागि ज्येष्ठता गणना गर्दा तह बृद्धि भएको वा नभएको अवस्थामा समायोजन हुदाँको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधी गणना गरिनेछ ।

(२) ऐनको दफा २८ को उप दफा (१) बमोजिम ज्येष्ठता कायम गर्न नसकिएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम सम्बन्धि सेवा समुहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ ।

(३) स्तर बृद्धि हुने कर्मचारीको ऐनको दफा २९ को उपदफा ४ बमोजिम सबै योग्यता पूरा गरेको मितिबाट जेष्ठता कायम हुनेछ।

१३. **तह बृद्धि/स्तर बृद्धि कार्यान्वयनः** ऐनको दफा २९ बमोजिम हुने तह बृद्धि/स्तर बृद्धिको लागि प्रदेश लोकसेवा आयोग, मधेश प्रदेश को परामर्श लिई ऐनको दफा २९ को उपदफा (४) र (५)

बमोजिमको समितिको सिफारिसको आधारमा गाउँ कार्यपालिकाबाट भएको तह बृद्धि/स्तर बृद्धि को निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्नेछ ।

१४. **जानकारी दिनु पर्नेः** यस कार्यविधि बमोजिम गरिएको तह मिलान, स्तर बृद्धि/तह बृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोग, मधेश प्रदेशलाई जानकारी दिनु पर्नेछ ।

१५. **परामर्शः** ऐनको दफा १५७ को उपदफा (२) बमोजिम स्थानीय तहले ऐन प्ररम्भ भएपछि हुने तह मिलान, तह बृद्धि/स्तर बृद्धि तथा बढुवा सम्बन्धी कार्य गर्दा प्रदेश लोकसेवा आयोग, मधेश प्रदेशबाट अनिवार्य परामर्श लिनु पर्नेछ ।

१६. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय मधेश प्रदेश तथा प्रदेश लोक सेवा अयोग, मधेश प्रदेश को परामर्शमा गाउँ कार्यपालिकामा निहित रहनेछ ।

१७. **उजुरी/गुनासोः** ऐन र यस कार्यविधि बमोजिम भएको तह बृद्धि/स्तर बृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले मितिले १५ (पन्ध्र) दिन भित्र प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१७. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१८. **बिशेष अधिकारः** प्रस्तुत कार्यबिधिको कार्यान्वयनको सन्दर्भमा माथिल्लो निकायबाट कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम यस कार्यबिधिको बचाउ, खारेजी तथा संशोधन गर्ने, विशेष अधिकार यस गाउँपालिकाको गाउँसभा वा गाउँकार्यपालिकामा निहित रहनेछ । साथै यस अघि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ ।

अनुसूची १

(कार्यविधिको नियम ८ को १ सँग सम्बन्धित)

तह मिलान, तह बृद्धि/स्तर बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
अग्नीसाईर कृष्णासवरन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यलय,
सितापुर, सप्तरी ।

विषयः- तह मिलान, तह बृद्धि/स्तर बृद्धि गरी पाउँ ।

प्रस्तुत विषयमा यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको तह बृद्धि सम्वन्धी मिति ............................ गते प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह मिलान, तह बृद्धि/स्तर बृद्धि हुन योग्य रहेको हुदाँ तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

**तपसिल:**

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपी।

२. समायोजन पत्रको प्रतिलिपी ।

३. बढुवा/स्तरबृद्धि/तहबृद्धि भएको पत्रको प्रतिलिपी

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

| **हाल कार्यरत पद** | **तह मिलान/तह बृद्धि/स्तर बृद्धि गरिने पद** |
|---|---|
| पदः | पदः |
| सेवा: | सेवा: |
| समूह: | समूह: |
| तह: | तह: |
| कार्यालय: | कार्यालय: |

माथि उल्लेखित गरिएका सबै व्यहोरा ठिक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**
नाम:
दस्तखत:
कर्मचारी संकेत नं.:

अनुसूची-२

(कार्यविधिको नियम ८ को उपनियम ३ सँग सम्बन्धित)

तह मिलान, तह बृद्धि/स्तर बृद्धि पत्रको ढाँचा

प.सः मितिः

च.नं.

विषयः तह मिलान, तह बृद्धि/स्तर बृद्धि गरिएको सम्बन्धमा ।

तपाईंलाई गाउँ कार्यपालिकाको कार्यालयको मिति ...................... गतेको निर्णय अनुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा (६) / दफा ८ को उपदफा (२२) / दफा २९ अनुसार मिति ..................... गतेको निर्णयानुसार स्थानीय सेवा मिति ......................... गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तह मिलान, तह बृद्धि/स्तर बृद्धि गरिएको छ। तह मिलान, तह बृद्धि/स्तर बृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु।

**तपसिलः**

| **हाल कार्यरत पद** | **तह मिलान/तह बृद्धि/स्तर बृद्धि गरिने पद** |
|---|---|
| पद: | पद: |
| सेवा: | सेवा: |
| समूह: | समूह: |
| तह: | तह: |
| शुरु नियुक्ती मितिः | जेष्ठता लागु हुने मितिः |

श्री ....................................................

कर्मचारी संकेत नम्बरः

**बोधार्थः**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश।

श्री राष्ट्रिय कितावखाना (निजामती) पुल्चोक, ललितपुर।

श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम, मधेश प्रदेश।

श्री प्रदेश कितावखाना, जनकपुरधाम, मधेश प्रदेश।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाण्डौं।

श्री कर्मचारी सञ्चयकोष, ठमेल, काठमाण्डौं।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सप्तरी ।

श्री आर्थिक प्रशासन शाखा, अग्नीसाईर कृष्णासवरन गाउँपालिका, सीतापुर, सप्तरी।

आज्ञाले,

नामः

प्रमुख प्रशासकीय अधिकृत